## माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ८) माघ २८ गते, २०८१ साल

भाग १

**माण्डवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जस्पुर, प्यूठान**
**लुम्बिनी प्रदेश, नेपालको**

**सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको बमोजिमका ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०८१ सालको ऐन नं. ३**

# माण्डवी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६ लाई संसोधन गर्न बनेको ऐन

प्रस्तावनाः माण्डवी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६  लाई संशोधन  गर्न वाञ्छनीय भएकोले,

माण्डवी गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **माण्डवी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको (पहिलो संशोधन) ऐन २०८१**" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **माण्डवी गाउँपालिकाको विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७६ को  दफा १० मा संशोधन:** ऐनको दफा १० को उपदफा  २ पछि  ३ थपिएको छ।

" (३) सामुदायिक विपद् व्यवस्थापन समिति गठन तथा परिचालन:

विपद् जोखीम न्युनीकरणका क्रियाकलापहरु सञ्चालनका लागि गाँउपालिकाले विशेषगरी प्राकृतिक तथा मानवसृजित प्रकोपहरुको जोखीममा रहेका समुदायहरुमा सामुदायिक विपद व्यवस्थापन समिति गठन गरी परिचालन गर्नेछ।

सामुदायिक विपद् व्यवस्थापन समितिको भुमिका:

- समुदायको विपद् व्यवस्थापन योजनाको तर्जुमा, कार्यान्वयन र अनुगमन र पुनरावलोकन गर्ने,
- योजना तयार गर्दा नेपाल सरकारले निर्धारण गरेको विपद् उत्थानशील समुदायहरुको न्यूनतम आधारहरुलाई ध्यान दिनु पर्ने,

- समुदायमा विपद् व्यवस्थापन कोषको स्थापना र सञ्चालनको व्यवस्था मिलाउने,
- समुदायमा विकास निर्माणका क्रियाकलापहरु कार्यान्वयनमा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहिकरण गर्ने ।
- विपद् व्यवस्थापन योजना कार्यान्वयनको लागि आवश्यक बजेट विनियोजनका लागि वडा र पालिका स्तरमा पहल गर्ने
- पालिका स्तरबाट जारी भएका नीति, निर्देशन तथा मापदण्डहरु कार्यान्वयन गर्ने, गराउने,
- आवश्यकता अनुरुप समुदायहरुमा कार्यदलहरु गठन गर्ने र तालिमको प्रवन्ध मिलाउने (पूर्वसूचना कार्यदल, खोज तथा उद्धार कार्यदल र प्राथमिक उपचार कार्यदल)
- समुदायको विपद् प्रभावित क्षेत्रमा खोज, उद्धार, राहत तथा प्रतिकार्यको व्यवस्था मिलाउने,
- समुदायमा विपद् सम्बन्धी आवश्यक निर्देशिका तथा कार्यविधी तयार गर्ने,
- समुदायको प्रकोप जोखिम नक्सांकन गर्ने
- विपद् पूर्वतयारी सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धिका कार्य गर्ने "

**प्रमाणीकरण मिति: २०८१/१०/२८**

**आज्ञाले,**
**भिमकान्त भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**